आज मिति २०७८ साल पौष २० गते मंगलवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | - |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | - |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | - |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन प्रमुख | श्री सान बहादुर राउत | |
| २० | | | |

अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. अगाडीको वैठकको समिक्षा सम्वन्धमा
२. सहकारी ऋण कोषको लागि सूचना प्रकाशन सम्वन्धमा
३. कृषि तथा पशु विकास कार्यक्रमको प्रस्ताव आह्वान सम्वन्धमा
४. कर्मचारी प्रशासन सुधार योजना सम्वन्धमा
५. गाउँपालिकाको स्वामुल्याङ्कन सम्वन्धमा
६. लेखापालको व्यवस्थापन सम्वन्धमा
७. व्याकहोलोडर चालक (हेभि सवारी चालक) ज्यालादारीमा नियुक्ती सम्वन्धमा
८. राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत विध्यालयको योजनाहरु छनौट गरी पठाउने सम्वन्धमा
९ गाउँपालिकाको प्रशासनिक भवन निर्माण प्रकृया सम्वन्धमा
१०. आर्थिक सहयोग सम्वन्धमा

**निर्णय नं.१**

१. प्रस्ताव नं १ माथि छलफल भै मिति २०७८ पौष १ गतेको कार्यपालिकाको वैठकले गरेको ८ वडा निर्णहरुको वियमा व्यापक समिक्षा गरियो । सो निर्णयहरु मध्ये ६ वटा निर्णयहरु कार्यन्वयन भएको र कार्यन्वयन हुन वाँकी २ वटा निर्णयहरुलाई पुन निर्णय संसोधन गरी कार्यन्वयन गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भै सहकारी ऋण कोषको लागि गत वर्ष लगानी गरिएकोव साँवा व्याज गरी जम्मा रु.३३,६०,०००। असुल गरी यस आ.व.मा विनियोजित रु.६,४०,०००। गरी जम्मा रु.४०,००,०००। सहकारी ऋण कोष सञ्चालन कार्यविधि २०७७ वमोजिम सहकारी संस्थाहरुलाई ऋण लगानी गर्नको लागी सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भै संघीय सरकार सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना , नेपाल सरकार वितिय समानिकरण अनुदान र प्रदेस सरकार वितिय समानिकरण अनुदान शिर्षकको विनियोजित कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदान हुने गरी तपशिल वमोजिम प्रस्ताव आह्वान गर्ने ।

**क) संघीय सरकार सशर्त अनुदान (प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना)**

| क्र.सं. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | १२००००० |
| २ | आ.व. २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | ७००००० |
| ३ | तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | १२००००० |
| | जम्मा | ४५००००० |

**ख) नेपाल सरकार वितिय समानिकरण अनुदान अन्तर्गत**

| क्र.सं. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | बाख्रा पालन पकेट कार्यक्रम | १४००००० |
| २ | टिमुर खेती पकेट कार्यक्रम | ५००००० |
| ३ | कागती खेती पकेट कार्यक्रम | ५००००० |
| ४ | फलफुल नर्सरी उत्पादन कार्यक्रम | ५००००० |
| ५ | गड्यौला मल उत्पादन कार्यक्रम | ६००००० |
| | जम्मा | ३५००००० |

अशोक राई
अध्यक्ष

ग) प्रदेश सरकार वितिय समानिकरण अनुदान अन्तर्गत
कृषि समूह मार्फत कृषि प्रवर्द्धन कार्यक्रम अन्गर्गत रु.२०,००,०००। विनियोजन भएकोमा घारे सामुदायिक कृषि फर्म संचालनको लागि रु.१०,००,०००। रकम विनियोजन गरी बाँकी रु.१०,००,०००। को मात्र कृषि समूह मार्फत कृषि प्रवर्द्धन कार्यक्रम लागि प्रस्ताव आह्वान गर्ने ।

**निर्णय नं.४**
प्रस्ताव नं ४ माथि छलफल भै प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुले आगामी कार्यपालिकाको वैठकमा कर्मचारी प्रशासन सुधार सम्वन्धी योजनाहरु पेश गर्ने ।

**निर्णय नं.५**
प्रस्ताव नं ५ माथि छलफल भै गाउँपालिकाको स्वामुल्याङ्कन गरी यहि पौष मसान्त भित्र लिजामा अफलोड गरि सक्नु पर्ने भएको सवै शाखाहरुवाट स्वामुल्याङ्कन तयारी गरी आगामी कार्यपालिकाको वैठकमा पेश गर्ने ।

**निर्णय नं.६**
प्रस्ताव नं ६ माथि छलफल भै गाउँकार्यपालिकाको मिति २०७८ पौष १ गतेको निर्णय वमोजिम आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आर्थिक प्रशासन शाखा प्रमुख भै कार्यरत लेखा सहायक पाँचौंको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार सरुवा भएको हुँदा गाउँकार्यपालिकाको कार्यालयमा स्थायी नियुक्ति पाई कार्यरत आन्तरिक लेखा परिक्षक सहायक पाँचौं श्री मोहन कुमार मोक्तानलाई आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी तोक्ने निर्णय भएकोमा सम्वन्धीत मन्त्रालय र कोलेनिकावाट आलेप प्रमुखलाई तोक्न नमिल्ने मौखिक जानकारी भएकोले अर्को व्यवस्था नभए सम्मको लागि कोलेनिका भोजपुरलाई लेखापाल खटाइदिनको लागि अनुरोध गर्ने ।

**निर्णय नं.७**
प्रस्ताव नं ७ माथि छलफल भै व्याकहोलोडर चालक (हेभि सवारी चालक) १ जना आवश्यक भएकोले वेलका नगरपालिका-९ निवासी श्री लाल वहादुर वस्नेतलाई ज्यालादारीमा नियुक्ती गर्ने ।

**निर्णय नं.८**
प्रस्ताव नं ८ माथि छलफल भै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि यस गाउपालिका अन्तर्गत विद्यालयहरुद्वारा पेश भएको प्रस्तावहरुलाई तपशिल वमोजिम प्राथमिकिकरण गरी जिल्ला समन्वय ईकाइलाई सिफारिस गर्ने ।

| क्र.सं. | विद्यालयको नाम | माग गरेको योजना | प्राथमिकिकरण |
|---|---|---|---|
| १ | श्री चन्द्रेश्वर मा.वि. आमचोक-५ | चार कोठे भवन | पहिलो |
| २ | श्री संरस्वती मा.वि. आमचोक-२ | चार कोठे भवन | दोश्रो |
| ३ | श्री शिक्षाज्योती आ.वि. आमचोक-३ | दुई कोठे भवन | तेश्रो |
| ४ | श्री चण्डेश्वर मा.वि. आमचोक-४ | चार कोठे भवन | चौथो |
| ५ | श्री लक्ष्मी मा.वि. आमचोक-१० | चार कोठे भवन | पाँचौ |
| ६ | श्री पञ्चकन्या मा.वि. आमचोक-१ | चार कोठे भवन | छैठौं |
| ७ | श्री सरस्वती मा.वि. आमचोक-२ | ICT ल्याव व्यवस्थापन तथा Digital Library व्यवस्थापन। | सातौं |
| ८ | श्री पञ्चकन्या मा.वि. आमचोक-१ | ICT ल्याव व्यवस्थापन तथा Digital Library व्यवस्थापन। | आठौं |
| ९ | श्री पञ्चकन्या मा.वि. आमचोक-१ | ICT ल्याव व्यवस्थापन तथा Digital Library व्यवस्थापन। | नवौं |

अशोक राई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भै गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.२०९ ,मिति २०७८/०९/१८ को पत्र अनुसार नेपाल सरकार(मन्त्रिपरिषद) को मिति २०७८/०९/०१ को जग्गा प्राप्ति सम्वन्धी निर्णय अनुसार आमचोक गाउँपालिका,भोजपुरको वडा नं.-४ साविक चण्डीवजार गा.वि.स. वडा नं २ को कि.नं.८०,५२२ र साविक चण्डीवजार वडा नं.३ को कि.नं.७७ वाट क्षेत्रफल ९-२-०-१ (रोपनी) जग्गा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि स्वीकृत भएकोले तपशिल वमोजिमको प्रकृया अगाडी वढाउने ।

क) नापि कार्यालयवाट अमिन ल्याई जग्गा किता काट गर्ने ।

ख)जग्गा प्राप्ति ऐन,२०३४ को दफा १३ वमोजिम मुआब्जा निर्धारण समितिले मुआब्जा निर्धारण गर्ने

ग) मुआब्जा वितरण गर्ने

घ) जग्गा पास गर्ने

**निर्णय नं.१०**

प्रस्ताव नं १० माथि छलफल भै प्रहरि सर्जिविन र वडा कार्यालय सिफारीसको आधारमा राहत माग माग भएकोले तपशिल वमोजिम राहत उपलव्ध गराउने ।

| क्र.सं. | नाम | ठेगाना | विवरण | राहत उपल्ध गराउने रकम शिर्षक | उपलव्ध गराउने राहत रकम रु |
|---|---|---|---|---|---|
| १ | वालविर राईको छोरा गंगा वहादुर राई | आमचोक ९,दुम्माना | परिवार अपाङ्ग र आर्थिक अवस्था कम्जोड भएको | अन्य सहायता | रु.५०००। |
| २ | विविमाया राई | आमचोक १०,पाँचा | फोक्सोको समस्याले विपिमा उपचार भइरहेको | अन्य सहायता | रु.१००००। |
| ३ | वहालसिंह राईको छोरा देउवहादुर राई | आमचोक १०,पाँचा | अविरल वर्षाको कारण घर भत्किएको | उद्‌वार,राहत तथा पुनस्थापना खर्च | रु.१००००। |
| ४ | चुडामणि राईको श्रीमती सजन माया राई | आमचोक १०,पाँचा | निर्माणाधिन घर भत्किएको | उद्‌वार,राहत तथा पुनस्थापना खर्च | रु.१००००। |
| ५ | सुग्रिम राई | आमचोक १०,पाँचा | गाउँपालिकाको सडक जेसिभिले मर्मत गर्दा ढुङ्गा खसेर तिघ्रमा ठूलो चोट लागि एपेक्स हस्पिटलमा दुइ महिना उपचार गरेको | अन्य सहायता | रु.३३२९५। (विल वमोजिम) |
| ६ | भक्त वहादुर विश्वकर्माको छोरा कुमार विश्वकर्मा | आमचोक १,वासिङ्थर्पू | दुवै मृगोला फेल भइ वनस्थली अस्पातालमा उपचार भइ रहेको | अन्य सहायता | रु.२५०००। |
| ७ | मनिवल राई | आमचोक ३,थिदिंखा | आखाँ नदेख्ने र आर्थिक अवस्था कम्जोड | अन्य सहायता | रु.१००००। |

०७८।९।२१

अशोक राई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत